मिति : २०७८।०६।०९ गतेको कार्यपालिका वैठकका प्रस्तावहरु

१. आधारभुत सामुदायिक स्वास्थ्य एकाई सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ सम्वन्धमा ।

२. बालविकास शिक्षिका र कर्मचारीको तलव भत्ता व्यवस्थापन सम्वन्धमा ।

३. ढुंगा गिटि वालुवा व्यवस्थापन सम्वन्धमा ।

४. आवश्यक वजेट विनियोजन गर्ने सम्वन्धमा ।

५. आर्थिक सहायता गर्ने सम्वन्धमा ।

६. मर्मत सम्भार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ को प्रथम संसोधन सम्वन्धमा ।

७. राहत वितरण सम्वन्धी मापदण्ड, २०७८ मस्यौदा सम्वन्धमा ।

८. आकस्मिक कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७८ को मस्यौदा सम्वन्धमा ।

९. व्यापारिक फर्म दर्ता सम्वन्धी कार्यविधि, २०७५ संसोधन सम्वन्धमा ।

१०. आँखा उपचार केन्द्र स्थापनाको अनुमति तथा साझेदारी सम्वन्धमा ।

११. पुल निर्माण कार्यको लागि अनुरोध गर्ने सम्वन्धमा ।

१२. रकम भुक्तानी दिने सम्वन्धमा ।

मिति : २०७८।०६।०९ गतेको नगर कार्यपालिकाको वैठकका निर्णयहरु

निर्णय नं. १: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (संसोधन सहित) बमोजिम यस नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको सहज पहुँच कायम गर्न आधारभुत सामुदायिक स्वास्थ्य एकाई सञ्चालन सम्वन्धी कार्यविधि २०७८ तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| २. श्री यज्ञ बहादुर खत्री (अधिकृत छैठौं तह) | सदस्य |
| ३. श्री प्रचण्ड कुमार कार्की (स्वास्थ्य शाखा प्रमुख) | सदस्य सचिव |

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय

बहादुर रावल
( नगर प्रमुख )

निर्णय नं. २: नलगाड नगरपालिका क्षेत्रभित्र कार्यरत बालविकास शिक्षिका, विद्यालय सहयोगी, सामुदायिक सिकाई सहजकर्ता, विद्यालय लेखा/प्रशासन सहायकको तलवभत्ता सम्वन्धी मागलाई अनुरुप राखी आ.व. २०७८।७९ को बजेटमा तलवभत्ता व्यवस्थापन गर्नको लागि संघीय सरकारको सम्बन्धित निकायमा ध्यानाकर्षण पत्र सहित जानकारी गराउने र तहाँबाट श्रोत सुनिश्चितता नभएमा नलगाड नगरपालिकाको नवौ नगरसभामा श्रोत सुनिश्चितता हुने गरी प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नलगाड नगरपालिका क्षेत्रमा ठुलो भेरी नदी र विभिन्न खोलाहरुले बगाएर ल्याएको ढुंगा तथा वालुवाहरु **ढुङ्गा, गिट्टि, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७** को दफा १२ को उपदफा (१) र (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह र विकास साझेदारबाट सञ्चालित प्राथमिकता प्राप्त आयोजनाहरुको निर्माणमा प्रयोग गर्ने गरी नलगाड नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२ को अनुसची-११ मा तोकिएको दरमा विक्रि वितरणको अनुमति प्रदान गर्न नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४: नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को नगर सभाबाट विनियोजित चालु खर्चको अन्य कार्यक्रम खर्चबाट नलगाड ७ दल्लीमा खेलकुद कार्यक्रम सञ्चालन गर्न र खगेनकोटको ईतिहास पुस्तिका प्रकाशन गर्नको लागि तपसिल बमोजिम रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रम | स्थान | श्रोत रकम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खेलकुद कार्यक्रम सञ्चालन | नलगाड-७ जाजरकोट | अन्य कार्यक्रम खर्च | ६०००० | |
| २ | खगेनकोट ईतिहास पुस्तिका प्रकाशन प्रकाशक ज्ञानेन्द्र ब. सिंह | नलगाड-७ जाजरकोट | अन्य कार्यक्रम खर्च | ४०००० | |
| ३ | जाजरकोटको ईतिहास र संस्कृति प्रकाशक मन बहादुर रावल | नलगाड-४ जाजरकोट | कार्यक्रम खर्च | ४०००० | |

निर्णय नं. ५: नलगाड नगरपालिकाको आ.व. २०७८।७९ को नगर सभाबाट विनियोजित आकष्मिक कोषबाट तपसिल वमोजिमका व्यक्तिहरुलाई स्वास्थ्य उपचार खर्च तथा किरिया खर्च रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

तपसिल

| क्र.स. | व्यक्तिको नामथर | ठेगाना | श्रोत रकम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रुद्र बहादुर शाही | नलगाड-५ जाजरकोट | आकष्मिक कोष | ५०००० | |
| २. | श्री रमिता ध्यार | नलगाड-१० जाजरकोट | आकष्मिक कोष | १०००० | |
| ३. | श्री प्रमिला ध्यार | नलगाड-१० जाजरकोट | आकष्मिक कोष | ५००० | |

**निर्णय नं. ६:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र मर्मत सम्भार सम्वन्धी योजनाहरुको कार्यान्वयनमा व्यवस्थित तथा प्रभावकारी बनाउनको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मर्मत सम्भार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ को प्रथम संसोधन सम्वन्धी मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) — संयोजक

२. श्री नारायण खत्री (योजना शाखा प्रमुख ) — सदस्य

३. श्री पवित्रा उपाध्याय (विपद शाखा प्रमुख) — सदस्य सचिव

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

**निर्णय नं. ७:** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ बमोजिम यस नगरपालिका क्षेत्रभित्र राहत वितरण प्रक्रियामा व्यवस्थित तथा प्रभावकारी बनाउनको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय राहत वितरण सम्वन्धी मापदण्ड २०७८ को मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) — संयोजक

२. श्री नारायण खत्री (योजना शाखा प्रमुख ) — सदस्य

३. श्री पवित्रा उपाध्याय (विपद शाखा प्रमुख) — सदस्य सचिव

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत    टेक बहादुर रावल (नगर प्रमुख)

निर्णय नं. ८: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (संसोधन सहित) बमोजिम यस नगरपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको उपचारमा व्यवस्थित गर्नको लागि आकष्मिक कोष सञ्चालन सम्वन्धी कार्यविधि २०७८ तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| २. श्री पवित्रा उपाध्याय (विपद शाखा प्रमुख) | सदस्य |
| ३. श्री प्रचण्ड कुमार कार्की (स्वास्थ्य शाखा प्रमुख) | सदस्य सचिव |

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

निर्णय नं. ९: नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नलगाड नगरपालिकाको उद्योग तथा व्यापारिक फर्म दर्ता सम्वन्धी ऐन, २०७७ बमोजिम यस नगरपालिका क्षेत्रभित्र उद्योग तथा व्यवसाय दर्तामा सहजीकरणको लागि व्यापारिक फर्म दर्ता सम्वन्धी कार्यविधि २०७५ को प्रथम संसोधनको मस्यौदा तयारीको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय मस्यौदा तयारी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| २. श्री यज्ञ बहादुर खत्री (अधिकृत छैठौ तह) | सदस्य |
| ३. श्री झलक घर्ति (राजश्व उपशाखा प्रमुख) | सदस्य सचिव |

समितिको वैठकमा सम्वन्धित क्षेत्रका विज्ञ तथा जनप्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

निर्णय नं. १०: स्थानीय सरकार संचालन ऐन २०७४ तथा नलगाड नगरपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ (संसोधन सहित) बमोजिम यस नगरपालिका क्षेत्रभित्र आँखा उपचार सेवाको सहजता कायम गर्न नलगाड नगरपालिका जाजरकोट र नेपाल नेत्रज्योति संघको साझेदारीमा आँखा उपचार केन्द्र स्थापनाको लागि अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत    टेक बहादुर रावल (नगर प्रमुख)

निर्णय नं. ११: नलगाड नगरपालिका वडा नं. ४ को घुवारामा र भैसिखोर रिटाकुसामा झोलुंगे पुल निर्माण कार्यको लागि पूर्वाधार विकास कार्यालय जाजरकोट र भौतिक पूर्वाधार मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२: नेपाल सरकारका पूर्व मन्त्री, प्रदेश सभा सदस्य लगायतको टिमले नलगाड नगरपालिकाको अनुगमन तथा निरिक्षणमा खटिएको अवस्थामा नलगाड न.पा. वडा नं. ७ को डाँफे गेस्ट हाउस एण्ड रेष्टुरेन्टमा आवास तथा खाना पावत खर्च भएको रकम रु. ४०,०००।० अक्षरुपी चालिस हजार मात्र विविध खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

आज मिति २०७८ साल असौज महिनाको ०९ गते शनिवारको दिन दिउँसो ३:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | Kee | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |